फोनः- ०७९-५२०१३३ प्र.जि.अ.
फोन- ०७९-५२०८३३, ५२०२४२
daogulmi2046@gmail.com
noticeboard 1618079520833
daogulmi.moha.gov.np
facebook.com/daogulmi

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुल्मी

प.सं.- ०८०/०८१
च.नं.-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुल्मी

**नेपाल नागरिकता ऐन, २०६३ को दफा ७क र नेपाल नागरिकता नियमावली, २०६३ (तेस्रो संशोधन, २०८०) नियम ८क बमोजिम गैर आवासिय नेपालीले गैर आवासिय नागरिकता प्रमाण पत्र प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु**

१. अनुसूची ८ग बमोजिम सम्वन्धित वडाको सिफारिस सहितको निवेदन,

२. निवेदन दिने व्यक्ति वा निजको बाबु वा आमा, बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाण र सनाखत,

(सनाखतको लागि निवेदकको नाता भित्रको नागरिकले र त्यस्तो नाताको व्यक्ति नभएमा सम्वन्धित व्यक्तिलाई चिन्ने नेपाली नागरिकले प्रमुख जिल्ला अधकारी वा निजले तोकेको अधिकृत कर्मचारी समक्ष उपस्थित भई सनाखत गरिदिनु पर्नेछ ।)

३. साविकमा नेपालको नागरिकता लिएको भए सो नागरिकता त्याग गरेको प्रमाण,

(साविकमा नेपाली नागरिकता लिई नागरिकताको प्रमाण पत्र फिर्ता नबुझाएको व्यक्तिले गैर आवासिय नेपाली नागरिकताको लागि निवेदन दिंदा निजले पहिले लिएको नेपाली नागरिकता प्रमाण पत्र पेश गर्नुपर्नेछ ।)

४. विदेशी मुलुकको नागरिकता भएको प्रमाण,

५. दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण,

६. नेपालको संविधान र कानूनको परिपालना गर्ने प्रतिबद्धतापत्र (अनुसूची ८घ),

७. हाल नागरिक रहेको मुलुकबाट लिइएको राहदानीको प्रतिलिपी,

८. अनुसूची ८च बमोजिमको सपथ,

९. वडा सर्जिमन मुचुल्का,

१०. निवेदकको विदेशी मुलुकको नागरिकता वा राहदानीको वैद्यताको विपयमा निज नागरिक रहेको मुलुकस्थित वा त्यस्तो मुलुक हेर्ने कार्यक्षेत्र तोकिएको नेपाली कुटनितिक नियोगसँग बुझ्न सकिने,

११. कार्यालयले थप प्रमाण बुझ्न आवस्यक ठानेमा अन्य कागजातहरु (प्रहरीको स्थलगत सर्जमिन मुचुल्का वा गोप्य प्रहरी सर्जमिन प्रतिवेदन) ।

हरि प्रसाद गैरे
सहायक प्रमुख जिल्ला अधिकारी